आत्मिकी वरदानहरु



पाष्टरीय तालीम पुस्तिका

६०

तालीम र वृद्धि

T&M ®

पवित्र आत्माद्वारा प्रेममा एक भएर विभिन्न प्रकारका वर दानहरुलाई मण्डलीमा मिलेर चलाउनको लागि अनुग्रह पाउँ भनी प्रार्थना गर्नोस् ।

हरेक इसाईले खीष्टको काम गर्नको लागि परमेश्वरबाट पाएको विशेष अनुग्रह नै आत्मिकी वरदान हो । परमेश्वरको उहाँको काम हामीद्वारा गर्नुहुने कुरो कति महान छ ! उहाँको नाउँलाई महिमा पुगोस् !

वरदानहरु सेवाको निम्ति हुन्

"जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारेझैं ती एउटा अर्काको निम्ति प्रयोग गर ।" (१ पत्रुस ४:१०)

परमेश्वरले हामीलाई दिनुभएको वरदानद्वारा अरुको सेवा गरेर हामी परमेश्वरका भण्डारेहरु हुनुपर्छ भनी पत्रुसले हामीलाई बताएका छन् ।

किन हामीले वरदानहरु पाउँदछौं ?

☐ हामी स्वयंको आत्म-स्वरुप निर्माण गर्नलाई ।

☐ अरुको सेवा गर्नलाई ।

माथि उद्धृत गरिएको १ पत्रुस ४:१० अनुसार, अरुको सेवा गर्नलाई कसले आफ्ना वरदानहरु प्रयोग गर्नुपर्छ ?

☐ केवल मण्डलीका अगुवाहरुले ।

☐ सबै विश्वासीहरुले ।

ख्रीष्टमा हरेक विश्वासीले उनीहरुमा भएको वरदान अनुरुप परमेश्वरका जनहरुलाई सेवा पुऱ्याएर प्रभुको सेवा गर्दछन् ।

वरदानहरु निर्माण गर्नलाई हो

"तर ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ । यसकारण यसो भनिएको छः 'उहाँ उच्चमा चढिजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरुलाई वरदानहरु दिनुभयो'।

(अब यो 'उच्चमा चढिजानुभयो' भनेको चाहिँ के हो ? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो । उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरुभन्दा धेरै माथि चढिजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून् ।)

अनि उहाँका वरदानहरुचाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पाष्टरहरु र कोही शिक्षकहरु बनून्, कि खीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी खीष्टका पूर्णताको नापसम्म पुग्दैनौं ।"

(एफिसी ४:७-१२)

धर्मशास्त्र अनुसार, वरदानहरु कसले दिन्छन् ?

_____

वरदानहरु कसले पाउँछन् ? _____

वरदानहरु किन दिनुभयो ? (तपाईंले एफिसी ४ बाट पढ्नुभएको अन्तिम वाक्यलाई हेर्नोस् ।)

हरेक विश्वासीलाई नै प्रभुले वरदानहरु दिनुहुन्छ । परमेश्वर बाट दिइएका यी क्षमताहरु मण्डली निर्माण गर्नको निम्ति गरिने विशेष विशेष सेवकाइहरुको निम्ति दिइएका हुन् ।

१ कोरन्थी १२:४-९ ले देखाउँदछ कि वरदानहरु पवित्र त्रिएकका तीन व्यक्तिहरु, पिता, पुत्र अनि पवित्र आत्माबाट आएका हुन् ।

एफिसी ४:७-१२ अनुसार, प्रभुले वरदानहरु के कस्ता कामहरु गर्नको निम्ति दिनुभएको हो:

- प्रेरितहरुको काम ('पठाइएकाहरु' जसले नयाँ भूमिमा वचन लिएर जाने काम गर्दछ),

- अगमवक्ताहरु (परमेश्वरबाट विशेष सन्देशहरु लिएर आउँछन्),

- प्रचारकहरु (जसले सार्वजनिक अनि गुप्ती रुपमा मानिसहरुलाई प्रभुमा जित्छन्),

- पाष्टरहरु (जसले सुपरिवेक्षकको रुपमा परमेश्वरको बगालको हेरचाह गर्दछ),

- शिक्षकहरु (जसले हाम्रो जीवनमा अनि सेवकाइहरुमा परमेश्वरको वचन प्रयोग गर्न सिकाउँछ)।

यो खण्डले के प्रकट गर्दछ भने अगुवाहरुले मात्र सेवकाइ गरुन् भन्ने परमेश्वर चाहनुहुन्न । अगुवाहरुले ता सेवकाइको कामको लागि परमेश्वरका जनहरु तयार पार्नुपर्छ ताकि खीष्टको देह निर्माण हुन सकोस् ।

वरदानहरु निम्नलिखित उद्देश्यहरुको निम्ति दिइएका हुन्:

- पापीलाई उसको हृदयको वास्तविक अवस्थाबारे (१ कोरन्थी १४:२४-२५) कायल पार्नु, अनि परमेश्वरको शक्तिबारे सिकाउनु ।

- सेवा गर्नु ।
- खीष्टको देह, मण्डलीको निर्माण गर्नु ।
- संसारमा परमेश्वरको काम गर्नु ।

मण्डलीको वृद्धिको निम्ति कसले काम गर्नुपर्छ ?

☐ केवल प्रचारकहरु अनि पाष्टरहरुले ।

☐ खीष्टमा भएका सबै विश्वासीहरुले ।

देहमा भएको हरेक सदस्यको आफ्नै सेवकाइ छ ।

कति अवस्थामा, कति वरदानहरु "अलौकिक" चरित्रका हुन्छन् अनि कति चाहिँ "स्वभाविक" तौरका हुन्छन् । प्रभुले कति व्यक्तिहरुद्वारा आश्चर्यमय कामहरु गर्नुहुन्छ, अनि कतिलाई चाहिँ दैनिकी रुपमा अरुको सेवा गर्न क्षमता दिनुहुन्छ, जस्तो कि मण्डलीमा भएका साधारण कामहरु, सफा गर्ने, इत्यादि ।

सबै अवस्थामा, वरदानहरु हरेक वरदान दिनुहुने अनि प्रयोगको निम्ति अभिषेक गर्नु हुने पवित्र आत्माको प्रेम, शक्ति र अगुवाइको अधीनमा रही प्रयोग गर्नुपर्छ ।

वरदानहरु परमेश्वरको कामको लागि दिइएका हुन्

☐ पढ्नोस् रोमी १२:३-५

किन हामी आत्मिकी वरदानहरु पाएर घमण्डी बन्नुहुँदैन ? (पद ३)

_____

_____

_____

कसले वरदानहरु दिनुहुन्छ ? _____

किन हामी सबैले एउटै वरदानहरु अनि सेवकाइहरु पाउन सक्तैनौं ? (पदहरु ४-५)

तल दिइएका वरदानहरुका सूची रोमी १२:६-८ अनि १ कोर न्थी १२ बाट लिइएका हुन् ।

तपाईंको सेवकाइमा तपाईंले प्रयोग गरिरहनुभएका वर दानहरुको अघिल्तिर 'एक्स' चिन्ह लाउनु होस् ।

- ☐ अगमवाणी (परमेश्वरबाट पाएको सन्देश सुनाउने)
- ☐ सेवा (अरुलाई सहयोग पुऱ्याउने)
- ☐ सिकाउने (परमेश्वरको वचन व्याख्या गरिदिने अनि प्रयोग गर्ने)

- ☐ उत्साह दिने (अरुहरुलाई प्रोत्साहित गरेर इच्छुक तुल्याउने)
- ☐ दिने (विशेषगरी उदारचित्तले दिने)
- ☐ अगुवापन (जिम्मेवारी लिने अथवा निर्देशन दिने)
- ☐ कृपा देखाउने (खाँचोमा परेकाहरुलाई सहयोग गर्ने)
- ☐ बुद्धि (परामर्श दिने)
- ☐ ज्ञान
- ☐ विश्वास (प्रभावशाली प्रार्थना र दर्शको निम्ति)
- ☐ बिरामीलाई निको पार्ने
- ☐ आश्चर्यकर्महरु गर्ने
- ☐ आत्माहरु छटचाउने
- ☐ भाषाहरुमा बोल्ने
- ☐ भाषाहरुको अर्थ खोलिदिने

परमेश्वरले हामीलाई विभिन्न वरदानहरु दिनुहुन्छ

१ कोरन्थीको अध्यायहरु १२, १३ अनि १४ पढ्नोस् । कोरिन्थीका विश्वासीहरुले वरदानहरु प्रयोग गर्दा गरेका कतिपय भूलहरुलाई प्रेरित पावलले सुधारिदिनु परेको थियो । उनले तिनको सही प्रयोगबारे शिक्षा दिएका थिए ।

किन वरदानहरुले विभाजन ल्याउनु हुँदैन ?
(१ कोरन्थी १२:४-११)

☐ किनकि सबै वरदानहरु एउटै परमेश्वरले दिनुहुन्छ ।

☐ कति वरदानहरुले बढी प्रशंसा पाउन सक्छन् ।

केसित मण्डलीका सदस्यहरुको तुलना गरिएको छ ?
(१ कोरन्थी १२:१२-२६)

☐ अगमवक्ताहरु अनि राजाहरुमध्ये को चाहिँ अति क्षमताशील थिए ?

☐ मानव देहका विभिन्न अङ्गहरुसित ।

ख्रीष्टको देहका अङ्गहरुलाई विभिन्न वरदानहरु कसले दिनुहुन्छ ? (१ कोरन्थी १२:१८)

☐ पाष्टरले

☐ मण्डली काउन्सिलले

☐ परमेश्वरले

☐ प्रेरित पावलले

उहाँको आफ्नै इच्छाअनुसार परमेश्वरले वरदानहरु दिनुहुन्छ ।

हामीले आफ्ना वरदानहरु कसरी पत्तो लाउन सक्छौं ? आज्ञाकारी भएर ख्रीष्टको सेवा गर्दै, अनि विभिन्न सेवकाइहरुमा संलग्न हुँदै, हामी हरेकमा के वरदान(हरु) रहेछ भनेर हामीले पत्तो लाउन सक्छौं । एक स्वस्थ मण्डलीले सबै विश्वासीहरुको वरदानहरुको विकास होस् भनी तिनीहरुको निम्ति सकेसम्म अवसरहरु उपलव्ध गराइदिन्छ । यसबाट हरेक सदस्यको निम्ति परमेश्वरले सेवकाइ राखिदिनु भएको र हेछ भनी निश्चित हुँदछ ।

वरदानहरुले सारा देहको उन्नति गर्दछन् । मण्डली प्रेम र एकतामा बढ्नको लागि यसको आवश्यकताअनुसार परमेश्वर ले वरदानहरु दिनुहुन्छ । यदि मण्डलीका सबै सदस्यहरुलाई उनीहरुको वरदानहरु अनुसार सेवा गर्ने मौका दिइएन भने मण्डली जमिएर अघि बढ्न सक्तैन ।

जब अवसरहरु देखा पर्छ, परमेश्वरले हामीलाई नयाँ वर दानहरु दिनसक्नुहुन्छ । उदाहरणको लागि, फिलिपले सेवाको वरदानद्वारा खाँचोमा परेकाहरुलाई सहयोग प्रदान गरिरहेका थिए (प्रेरित ६:१-६) । पछिबाट उनले, प्रचारक अनि आश्चयकर्मको रुपमा आफ्ना वरदानहरु प्रयोग गरे (प्रेरित ८:४-३८)।

के सबै विश्वासीहरुले एउटै वरदान पाउँछन् ?
(१ कोरन्थी १२:७) _____

कुन उद्देश्यको निम्ति हामीले वरदानहरु पाउँछौं ?
(१ कोरन्थी १२:७)

- ☐ ताकि हामी प्रमुख व्यक्ति हौं भनेर महसुस गर्न सकौं ।
- ☐ ताकि हामीलाई सबैले चिनून् ।
- ☐ ताकि हामी सबै आशिषित हुनसकौं, अनि परमेश्वरलाई महिमा दिनसकौं ।

वरदानहरु हाम्रो घमण्डलाई पोषण गर्न, अथवा हामीपट्टि मानिसहरुको ध्यान खिँच्नको निम्ति होइन, तर सबै मण्डलीको निर्माण होस् भनेर हो ।

वरदानहरुले हामीलाई देहका (सक्रिय) अङ्गहरुको रुपमा काम गर्न सहायता गर्दछन् । मण्डली चाहिँ खीष्टको देह हो, हामी त्यसका अङ्गहरु हौं । हामी हात, खुट्टा, कान

तथा आँखाहरु हौं । स्वस्थ देहमा विभिन्न अङ्गहरुलाई शिरले सञ्चालन गरेको हुन्छ । मण्डलीको शिर येशू ख्रीष्ट हुनुहुन्छ । एउटा मण्डलीले तब येशू ख्रीष्टको सेवा गर्दछ जब यसले मिलेर, शिरको आज्ञा पालन गर्दै काम गर्दछ । पवित्र आत्माले हामीलाई उहाँको वरदान पवित्र आत्माकै महिमा अथवा प्रचारकको घमण्डको लागि दिनुभएको होइन, तर प्रभु येशूलाई महिमा दिनको निम्ति दिनुभएको हो । (यूहन्ना १५:२६-२७, यूहन्ना १६:१३-१४)

पवित्र आत्माले महिमा दिनुहुन्छ:

☐ आफैलाई ।

☐ प्रभु येशू ख्रीष्टलाई ।

☐ हामीलाई ।

वरदानहरुको शिक्षालाई वास्ता नगर्ने अगमवक्ताले उसका सन्देशहरु मात्र मुख्य छन् भनी ठान्दछ। उसले मण्डलीलाई दबाउने प्रयास गर्दछ।

तर वास्तवमा, हरेक सदस्यको निम्ति के वरदानहरु अवश्य छ। हामीले सबैलाई उनीहरुको वरदानहरु पत्ता लाउन सहयोग गर्नुपर्छ अनि तिनीहरुको वरदानहरुलाई विकास गर्नुपर्छ। सबभन्दा नम्र सदस्यमा पनि वरदानहरु हुन्छ, अनि देहमा उसको पनि जिम्मेवारीहरु हुनुपर्छ।

वरदानहरुबारे गलत समझ पाएको पाष्टरले के गर्छ ?

- ☐ सदस्यहरुको वरदानलाई प्रोत्साहन दिन्छ।
- ☐ सदस्यहरुको वरदानहरुलाई प्रोत्साहन दिन चुक्छ अथवा बाधा पुऱ्याउँछ।

मानिसहरुको ध्यान केन्द्रित गर्ने गरी आत्मिकी वरदानहरु खोज्नेहरुदेखि होशियार । प्रभु येशूले हामीलाई चेताउनी दिनुभयो कि दुष्ट मानिसहरुले पनि उहाँको नाउँमा आश्चर्यकर्महरु गर्न सक्नेछन् । (मत्ती ७:२१-२३)

अगमवाणी बोल्नु पनि पवित्र आत्माको वरदान हो, तर येशूले हामीलाई झूटा अगमवक्ताहरुबारे चेताउनी दिनुभएको छ । पाष्टर हुनु पनि एक वरदान हो, तर झूटा पाष्टरहरु, शिक्षकहरु अनि प्रेरितहरुदेखि टाडै रहनु भनी बाइबलले हामीलाई चेताउनी दिएको छ ।

शैतानले वरदानहरुको नक्कल गर्दछ । फलहरुद्वारा सच्चा अगमवक्ताहरु चिनिन्छन् भनी येशूले हामीलाई चेताउनी दिनुभयो ।

साँचो वरदानले प्रेम र मित्रतामा प्रभु येशू ख्रीष्टको आज्ञा पालन गर्न मण्डलीलाई एक बनाउँछ अनि निर्माण गर्दछ, तर झूटा वरदानहरु भएकाहरुले विभाजन र घमण्ड ल्याउँछ ।

हामी कति जोरसँग चिच्याउँछौ त्योसित पवित्र आत्माको शक्तिले केही मतलब राख्नु हुन्न ।

प्रभुले हरेक विश्वासीलाई उसको वरदान प्रयोग गर्ने शक्ति दिनुहुन्छ । आत्मिकी शक्ति यही हो ।

पवित्र आत्माको शक्ति यसरी देखिन्छः

- ☐ हाम्रो सेवकाइको असल परिणाममा ।
- ☐ हामी कति जोर चिच्याउन सक्छौं त्यसमा ।

वरदानहरुलाई आत्माको फलहरुसित अलमल्लमा नपार्नुहोस् । हरेक विश्वासीको निम्ति वरदानहरु विभिन्न हुन्छन् । तर सबैको निम्ति फल ता उही हुन्छन् । आत्माको फल प्रेम, शान्ति, आनन्द (गलाती ५:२२-२३) अनि येशू ख्रीष्टमा रहने हरेक विश्वासीमा पवित्र आत्माले उत्पन्न गर्नुहुने सदगुणहरु हुन् । यो हामीमा हुनुपर्ने येशू ख्रीष्टको खास स्वभाव हो ।

पवित्र आत्माद्वारा अगुवाइ पाएका सबै विश्वासीहरुमा:

☐ त्यही वरदानहरु हुन्छन् ।

☐ त्यही फलहरु हुन्छन् ।

हरेक इसाईसित आत्माको उही फल हुनुपर्छ, तर प्रभुले हर कलाई विभिन्न वरदानहरु दिनुहुन्छ ।

फल चाहिँ इसाई चरित्र हो । वरदानहरु परमेश्वरले इसाईहरुलाई दिनुहुने विशेष क्षमताहरु हुन् ताकि उनीहरुले उहाँको निम्ति काम गर्न सकून् । एउटा इसाईमा उसको चरित्रमा त्यति फलै नभईकन पनि वरदानहरु हुनु सम्भव हुन्छ । उसले धेरै वरदानहरु माग्नु अघि, आत्माको फल वृद्धि

गर्न खोज्नु पर्छ । आत्माको फल प्रेममा समाहित छ । अरुहरुको निम्ति प्रेमले भरिएको जीवनमा वरदानहरु प्रयोग हुनुपर्छ । नत्रभने तिनीहरुको कुनै मूल्य हुनेछैन ।

कुन चाहिँ अति मुख्य छ ?

☐ आत्माको फल ।

☐ आत्माको वरदान ।

तपाईंको उत्तरलाई १ कोरन्थी १२:३१ अनि १ कोरन्थी १३:१-३ सित दाँज्नोस् ।

वरदानहरु अनि तिनीहरुसित सम्बन्धित सेवकाइहरु

जब तपाईंले मण्डलीलाई वरदान र फलको बारेमा सिकाइसक्नु हुनेछ, आफूमा भएका वरदानहरु थाहा भएका सदस्य-सेवकहरुको नाउँ निम्न पानाहरुमा दिइएका सेवकाइहरुको छेउमा लेख्नोस् । यदि कसैले पनि आजसम्म कुनै सेवकाइ गरिरहेको छैन भने, ती ठाउँहरु खाली छोड्नोस् । जसले जुन सेवकाइ गर्दछ, उसले त्यसबारे राम्रर ी बुझेर वृद्धि गर्न सकोस् भनी सहायता गर्न, उसलाई त्यही सेवकाइको निम्ति दिइएका सम्बन्धित पदहरु पढ्न लाउनोस् । (१ कोरन्थी १४:१)

सेवाको वरदान (अरुहरुलाई सहयोग गर्ने)

लूका ८:२-३, मर्कूस १५:४०-४१, रोमी १२:७, १६:१-२, १ कोरन्थी १२:२८, २ तिमोथी १:१६-१८, प्रेरित ६:१-७, ९:३६, तीतस ३:१३-१४, गलाती ६:१० ।

तपाईंको मण्डलीमा निम्न देहायका सेवकाइहरुमा कस-कसले सेवा पुऱ्याउन सक्छन् ? (नाउँ भर्नोस्)

टिप्पणीः एउटा प्रश्नको उत्तरमा तपाईंले एकभन्दा बढी नाउँहरु भर्नसक्नुहुनेछ ।

बुढचौली अथवा बिरामी व्यक्तिहरुको निम्ति अप्ठचारा कामहरु कसले गर्छ ?

_____

मण्डली भवनका मरम्मत, सम्भार तथा निर्माणको जिम्मेवारी कसले लिन्छ ?

_____

सेवा गर्ने ठाउँ कसले सफा गर्नसक्छ ? _____

पत्रहरु लेख्ने, अथवा शिक्षकले तयार पारेका पाठहरु उत्पादन गर्ने ?

_____

सेवा घर वरिपरि बार लाउने, अथवा सम्पत्तिको देखरेख गर्ने ?

_____

सेवाहरुको निम्ति फूलहरु ल्याउने, अथवा कोठाको सजिसजाउ गर्ने ?

_____

प्रभुभोजको निम्ति मेच तयार पार्ने काम ? _____

मण्डलीको लागि सूचनाहरु दिने ? _____

कोषाध्यक्ष, सचिव अथवा डिकनको रुपमा कसले सेवा दिने ?

_____

_____

_____

ससाना नानीहरुको वास्ता राख्ने ? _____

तिनीहरुको खाँचोमा छिमेकीहरुलाई सहयोग गर्ने ?

_____

सहायता पुऱ्याउने मनोरञ्जन तथा बाहिर गएर अनौपचारिक संगति सभाहरुको योजना गर्ने, ताकि सदस्यहरुले बलियो मित्रता अनि एकअर्काप्रतिको प्रेम विकास गर्न सकून् ।

_____

दुर्घट्ना अथवा आकस्मिक कामको निम्ति भेटी तथा अनुदानहरु संकलन गर्ने ?

_____

गरीबहरुले राम्रो काम पाउन, कृषि तथा स्वास्थ्य, आदिमा विकास गर्न सहयोग कसले गर्ने ?

_____

प्रौढहरुलाई लेख्न र पढ्न सिकाउने ? _____

अरु कार्यहरु कुनै भए ? _____

_____

अगमवाणीको वरदान (परमेश्वरको सन्देश पाउने अनि संचार गर्ने)

१ कोरन्थी १२:१०,२८, १४:२४-३३, एफिसी ४:११-१४, रोमी १२:६, लूका ७:२६-२७, प्रेरित ११:२७-२८, १३:१-३, प्रेरित १५:३२, २१:८-११

तपाईंको मण्डली सेवाहरुमा वास्तविक अगमवाणीहरु कसले दिनसक्छन् ?

_____

सेवादेखि बाहिरका अरु मानिसहरुलाई परमेश्वरको सन्देश संचार गर्नोस् (साताभरिमा)?

_____

परिवर्तन नभएका मानिसहरुको निम्ति परमेश्वरको इच्छा बुझाइदिने ?

_____

अरु मण्डलीहरु, समुदाय अनि सरकारप्रति आफ्नो मण्डलीका जिम्मेवारीहरु बुझाइदिने काम गर्न सहयोग गर्ने ?

_____

नोटः सारा सत्य अगमवाणीहरुले धर्मशास्त्रसित मेला खानुपर्छ। परमेश्वरले कहिले पनि आफूलाई विरोधमा उभ्याउनु हुन्न। दुइ वा तीन अगमवक्ताहरु बोलून्, अनि अरुहरुले चाहिँ उसले के भन्छ राम्ररी जाँचून्। (१ कोरन्थी १४:२९)

शिक्षणको वरदान (येशू खीष्टका आज्ञाकारी चेलाहरु बनाउने)

रोमी १२:७, १ कोरन्थी १२:२८, एफिसी ४:११-१४, कलस्सी ३:१६, प्रेरित १८:२४-२८, २०:२०-२१

शिक्षणको वरदान चाहिँ विद्यार्थीहरुलाई धेरै जानकारी दिने काम मात्र होइन । हामी वचनलाई सुन्नेहरु मात्र हुनलाई धर्मशास्त्रले मनाही गरेको छ (याकूब १:२२)। बाइबलको शिक्षकले ता येशूका सारा आज्ञाहरु पालन गर्न सिकाएर चेलाहरु बनाउँछ ।

एक शिक्षक जसले उसको शिक्षण वरदानलाई राम्ररी प्रयोग गर्दछ काममा पनि नमूनाको रुपमा प्रस्तुत हुँदछ, ताकि उसका चेलाहरुले उसलाई अनुकरण गर्नेछन्, अनि व्यावहारिक सेवकाइमा भाग लिनेछन् ।

शिक्षणको वरदान यसरी प्रयोग गर्न सकिन्छ:

- ☐ सक्रिय चेलाहरु बनाउनु ।
- ☐ निष्क्रिय विद्यार्थीहरु बनाउनु ।

तपाईंको मण्डलीमा कसले नयाँ विश्वासीहरुलाई प्रभुको आज्ञाहरु पालन गर्न सहयोग गर्ने चेलाहरु बनाउन सक्ला ?

_____

एल्डरको हैसियतमा परमेश्वरको वचन प्रयोग गरेर मानिसहरुलाई सिकाउने अनि अगुवाइ गर्ने काम कसले गर्न सक्छ ?

_____

कसले बाइबल अध्ययनहरु तयार पार्न सक्छ ? _____

पाष्टर तालीममा कसले निर्देशन दिन सक्ला ? _____

परमेश्वरको बाटोमा हिँडाउन नानीहरुलाई कस-कसले सिकाउन सक्ला ?

_____

प्रोत्साहनको वरदान (ख्रीष्टको निम्ति जिउन अनि काम गर्न विश्वासीहरुलाई उत्प्रेरित गर्ने)

रोमी १२:८, १ तिमोथी ४:१३, हिब्रू १०:२५, प्रेरित १४:२२

तपाईंको मण्डलीमा कस-कसले ख्रीष्टको निम्ति जिउन अनि काम गर्न विश्वासीहरुलाई प्रोत्साहित गर्न सक्छन् ?

_____

अल्छी लागेको अथवा निरास भएको बेला इसाई सहकर्मीहरुलाई प्रोत्साहन कसले दिने ?

_____

अनाज्ञाकारी इसाईहरुलाई सुधार गर्ने ? _____

समस्याहरु अथवा खतराहरु आएको बेला साहस जुटाउने ?

_____

बाइबली पदहरु अथवा उत्साहित पार्ने शब्दहरुसहित भेला हुने ठाउँको निम्ति पोष्टरहरु लगाउने ?

_____

दिने वरदा (विशेष खाँचोको निम्ति उदार अनि आनन्दित मनले दिने)

रोमी १२:८, २ कोरन्थी ८, २ कोरन्थी ९, मर्कूस १२:४१-४४

कसैले पनि थाह नपाईकन तपाईंको मण्डलीमा कसले उदार चित्तले अनि खुशी मनले दिन्छ ?

_____

तपाईंको मण्डलीमा कसले अझ उदार चित्तले दिनको निम्ति विश्वासीहरुलाई प्रोत्साहित गर्न सक्छ ?

_____

अर्थ सञ्चयको निम्ति कार्यक्रम अथवा क्रियाकलापहरु कसले आयोजना गर्नसक्छ ?

_____

अगुवापनको वरदान (मण्डलीमा प्रशासन चलाउन, संयोजन गर्न, सबैलाई काम गर्न सघाउन अनि संयुक्त मण्डलीको रुपमा वृद्धि गर्न स्पष्ट लक्ष्यहरुसहित योजनाहरु बनाउने अनि कार्यान्वयन गर्ने)

१ तिमोथी ५:१७, प्रेरित ६:१-७, ७:१०, रोमी १२:८, हिब्रू १३:१७, लूका ९:५१-५२, १४:२८-३०, १ कोरन्थी १२:२८, तीतस १:५

तपाईंको मण्डलीमा कसले देहका सबै अङ्गहरुबीच प्रेमिलो सम्बन्धलाई वृद्धि गर्न सहयोग गर्न सक्छ ?

_____

हरेकले एउटै देहको रुपमा मिलेर काम गर्नको लागि मण्डलीको कामलाई कसले संयोजन गर्न सक्छ ?

_____

प्रभुको लागि काम गर्नको लागि कसले युवाहरु, स्त्री अनि पुरुषहरुलाई परिचालन गर्न सक्छ ?

_____

मण्डलीको लागि शिक्षणको आयोजन अथवा संयोजन कसले गर्नसक्छ ?

_____

व्यक्तिगत सुसमाचारको निम्ति कार्यक्रमको आयोजन कसले गर्छ ?

_____

मण्डलीको लागि लक्ष्य तोकी त्यसअनुसार पूरा गर्न योजनाहरु बनाई मण्डलीका मानिसहरुलाई सहमत गराउन कसले सहयोग गर्नसक्छ ?

_____

मण्डलीको कामको विकास र प्रभाव नाप्न मण्डलीको कामको मूल्याङ्कन कसले गर्नसक्छ ?

_____

कुनै विशेष सेवकाइमा झुण्डलाई अगुवाइ कसले गर्न सक्छ (उदाहरणको लागि कोएर अथवा संगीत झुण्ड, आदि) ?

_____

कृपा देखाउने वरदान (खाँचोमा परेका, बिरामी, पतित अथवा निरासमा परेकाहरुलाई सहयोग गर्ने)

रोमी १२:८, मर्कूस ९:४१, प्रेरित ११:२८-३०, १६:३३-३५, लूका १०:३३-३५, मत्ती २०:२९-३४, २५:३४-४०

तपाईंको मण्डलीमा कसलाई चाहिँ खाँचोमा परेका, बिरामी, पतित अथवा निरासमा परेकाहरुलाई सहयोग गर्ने वरदान छ ?

_____

कसले विधवाहरु, अनाथहरु, पतितहरु अथवा बिरामी तथा जेलमा भएकाहरुलाई भेटघाट गर्नसक्छ ?

_____

कसले पतित विश्वासीलाई पुनर्स्थापित गर्न सक्छ ?

_____

प्रेरित हुने वरदान (नयाँ ठाउँमा सुसमाचार सुनाई नयाँ मण्डलीहरु स्थापित गर्न परमेश्वर बाट पठाइएका)

एफिसी ४:११-१२, १ कोरन्थी ३:६-१०, ९:१९-२३, १२:२८, २ कोरन्थी ५:२०-६:१०, १३:९-१०, प्रेरित १४:२१, रोमी १०:१५

तपाईंको मण्डलीमा कसले नयाँ मण्डली स्थापना गर्नसक्छ ?

_____

अरु मानव समूहहरु अथवा संस्कृतिहरुका बीचमा गएर चेला बनाउन सक्छन् ?

_____

प्रचारक हुने वरदान (सुसमाचार घोषणा गर्ने, येशू ख्रीष्टको साक्षी)

एफिसी ४:११-१४, २ तिमोथी ४:५, प्रेरित ८:५-६, २६-४०, २१:८

तपाईंको मण्डलीमा कसले सुसमाचारलाई प्रेममा, स्पष्टसँग अनि अधिकारसाथ व्याख्या गरिदिन सक्छ ?

_____

नयाँ विश्वासीहरुलाई लिएर तपाईंका आफन्तहरु अनि मित्रहरुलाई ख्रीष्टको निम्ति साक्षी हुन लैजानुहोस् ।

_____

कसले ख्रीष्टको मुक्तिको सुसमाचारलाई अखबार, पत्रिका, पर्चा, पत्रिका, इत्यादिद्वारा घोषणा गर्न सक्छन् ?

_____

_____

नयाँ विश्वासीहरुलाई उत्साह र निर्देशन दिन कसले उनीहरुलाई भेटघाट गर्नसक्छ ?

_____

अरु विश्वासीहरुलाई पनि सुसमाचारको काममा तयार पार्नसक्छ ?

_____

पाष्टर हुने वरदान (बगाललाई डोऱ्याउने गोठालो एल्डर)

एफिसी ४:११-१४, १ तिमोथी ३:१-७, यूहन्ना १०:१-१८, १ पत्रुस ५:१-३

तपाईंको मण्डलीमा कसले हराएको, बरालिएको, अथवा सेवामा उपस्थित नहुने भेडाहरुलाई खेज्न सक्छ ?

_____

कसले परमेश्वरको वचनबाट खुवाउनु सक्छ ?

_____

कसले प्रभुको बाटोमा मण्डलीलाई अगुवाइ गर्नसक्छ ?

_____

कसले बप्तिस्मा दिन, अनि प्रभुभोज सञ्चालन गर्न सक्छ ?

_____

ख्रीष्टको निम्ति सेवा गर्ने मानिसहरुलाई प्रेरित गर्न कसले सेवकाइमा नमूना बनेर देखाउनसक्छ ?

_____

अरुसित मिल्न नसक्ने व्यक्तिहरुलाई कसले मिलापमा ल्याउन सक्छ ?

_____

समस्याहरुलाई पन्छाउन अनि ब्वाँसाहरुलाई धपाउन कसले पहरेदारको काम गर्नसक्छ ?

_____

कसले अगुवाहरु अनि सेवकहरुलाई तालीम दिनसक्छ ?

_____

बुद्धिको वरदान (पवित्र आत्माले दिनुभएको बुद्धिद्वारा अगुवाइ गर्नु)

१ कोरन्थी २:१-१३, १२:८, प्रेरित ६:३, याकूब १:५-६, २ पत्रुस ३:१५

तपाईंको मण्डलीमा समस्या भएकाहरुलाई कसले परामर्श दिनसक्छ ?

_____

तपाईंको मण्डलीमा कसले इसाई सेवकहरुलाई परामर्श दिनसक्छ ?

_____

तपाईंको मण्डलीमा कसले समस्यामा भएका इसाई युवाहरुलाई परामर्श दिनसक्छ ?

_____

तपाईंको मण्डलीमा कसले समस्यामा भएका इसाई दम्पत्तिहरु, अथवा मगनी भएकाहरुलाई परामर्श दिनसक्छ ?

_____

तपाईंको मण्डलीमा कसले विशेष प्रोजेक्टहरुको खाँचो महसुस गर्नसक्छ ?

_____

ज्ञानको वरदान (आत्मिकी कुराहरु चिन्ने अनि सिकाउने)

१ कोरन्थी २:१४, १२:८, प्रेरित ५:१-११, कलस्सी २:२-३, २ कोरन्थी ११:६, यूहन्ना ४:१७-१८

तपाईंको मण्डलीमा कसले खाँचोहरुलाई पत्ता लाउन सक्छ, ताकि अगुवाहरुले त्यसअनुसार चाँजो मिलाउन सक्छ ?

_____

तपाईंको मण्डलीमा कसले व्यक्तिगत समस्याहरुका कारणहरु चिन्न सक्छ ?

_____

विश्वासको वरदान (प्रभावशाली ढङ्गमा प्रार्थना गर्नु, अनि परमेश्वरको निम्ति महान कुरो हासिल गर्नु)

१ कोरन्थी १२:९, १३:२, मत्ती १७:२०, २१:२१-२२,
प्रेरित ११:२२-२४, २७:२१-२५, हिब्रू ११, रोमी ४:१८-२१

तपाईंको मण्डलीमा कसले विशेष खाँचोको निम्ति मन लगाएर प्रार्थना गर्नसक्छ ?

_____

अरुहरुको निम्ति अन्तर्विन्ती गर्नुसक्छ ? _____

तपाईंको मण्डलीमा कसले सरकारका मानिसहरुको लागि बुझेर प्रार्थना गरिदिनसक्छ ?

_____

तपाईंको मण्डलीमा कसले शङ्का र चिन्ताले ग्रस्त व्यक्तिहरुलाई निश्चयता दिनसक्छ ?

_____

निको पार्ने वरदान (परमेश्वरको शक्तिद्वारा)

१ कोरन्थी १२:९-१०, प्रेरित ३:१-१०, ५:१२-१६, ९:३२-३५, २८:७-१०

तपाईंको मण्डलीमा कसले बिरामीको चङ्गाइको लागि प्रार्थना गर्नसक्छ ?

_____

आश्चर्यकर्महरुको वरदान (सुसमाचारलाई पक्का तुल्याउने अनि परमेश्वरलाई महिमा दिने चिन्हहरु)

१ कोरन्थी १२:१०, १२:२८, प्रेरित ९:३६-४२, १९:११-२०, २०:७-१२, रोमी १५:१८-१९, २ कोरन्थी १२:१२

तपाईंको मण्डलीमा कसले उनीहरुको सेवकाइमा आश्चर्यकर्म गर्ने अनुभव पाएका छन् ?

_____

आत्मा छुटचाउने वरदान (दुष्ट आत्माहरु अनि परमेश्वरको आत्माको कामबीचमा भिन्नता छुटचाउन सक्नु)

१ कोरन्थी १२:१०, प्रेरित ५:१-११, १६:१६-१८,
१ यूहन्ना ४:१-६, मत्ती १६:२१-२३

मण्डलीलाई विभाजित गर्नलाई तम्सेका ब्वाँसोहरुको बारेमा विश्वासीहरुलाई कसले चेताउनी दिनसक्छ ?

_____

तपाईंको मण्डलीमा कसले कुनै पनि प्रकारको गलत शिक्षा अनि अरु भूललाई चिनेर झूटो साबित गर्न सक्छ ?

_____

तपाईंको मण्डलीमा कसले पवित्र आत्माको प्रकटीकरण अनि अरु अशुद्ध आत्माको प्रकटीकरणलाई छुटचाउन सक्छ ?

_____

तपाईंको मण्डलीमा कसले पवित्र आत्माका वरदानहरु अनि शारीरिक भावनाहरुबीचको अन्तरलाई छुट्याउन सक्छ ?

भाषामा बोल्ने वरदान (सार्वजनिक रुपमा बोलिँदा नबुझिने, यसकारण उल्था गरिनुपर्ने)

१ कोरन्थी १२:१०, १२:२८, १४:४-२५, प्रेरित २:१-१३, १०:४४-४६, १९:१-७, मर्कूस १६:१७

नोटः १ कोरन्थी १४:२६-२८ अनुसार, मण्डली सेवाहरुमा, तीन जनासम्मका व्यक्तिहरुले अन्य भाषामा बोल्नसक्छन्, अनि यी सबै उल्था हुनुपछ, ताकि सारा मण्डलीले आत्मिक लाभ उठाउन सकून् ।

तपाईंको मण्डलीमा कसले भाषाहरुमा सन्देश दिनसक्छन् ?

भाषाहरुको उल्था गर्ने वरदान (सेवाको बेला भाषामा बालेर दिइएका सन्देशहरुको अर्थ खुलाउने)

१ कोरन्थी १२:१०, १२:३०, १४:२६-२८

तपाईंको मण्डलीमा कसले भाषाहरुमा दिइएको सन्देशको अर्थ खुलाउन सक्छ ?

_____

_____

पाहुना सत्कारको वरदान (बस्ने तथा खानाको प्रबन्ध गरिदिने)

१ पत्रुस ४:९, रोमी १२:१३, १६:२३, प्रेरित १६:१४-१५, हिब्रू १३:१-२

तपाईंको मण्डलीमा कसले इसाई सेवकहरुको निम्ति पाहुना सत्कार गर्न सक्छन् ?

_____

टुहुराहरु अथवा बूढापाकाहरुलाई उनीहरुका घरहरुमा बोलाउन सक्छन् ?

_____

तपाईंको मण्डलीमा कस-कसले नयाँ विश्वासीहरु अनि विशेष गरी पाहुनाहरुको निम्ति सत्कारक (रिसेप्सनिष्ट) को भूमिका निभाउन सक्छन्, अनि उनीहरुले बढो न्यानो स्वागतको अनुभव गर्दछन्, अनि मण्डलीमा फेरि आउने मन गर्दछन् ?

_____

संगीत अथवा गीतको लागि वरदान (अथवा प्राकृतिक क्षमता)

१ कोरन्थी १४:२६, भजन १५०

तपाईंको मण्डलीमा कस-कसले संगीतका बाजाहरु बजाउन सक्छन् ?

_____

तपाईंको मण्डलीमा कस-कसले गीतहरु बनाउन सक्छन् ?

_____

तपाईंको मण्डलीमा कस-कसले सेवाहरुमा विशेष गीतहरु गाउनसक्छन् ?

_____

कला अनि डिजाइनका वरदान (अथवा प्राकृतिक क्षमता)

प्रस्थान ३५:३० देखि प्रस्थान ३६:१

सेवा हुने ठाउँहरुको लागि सुसमाचारीय पोष्टरहरु, अनि अरु साजसज्जा कसले बनाउन सक्छ ?

_____

सुसमाचार प्रचार र शिक्षणको लागि नाटक तथा स्केचहरु कसले प्रस्तुत गर्नसक्छ ?

_____

परमेश्वरले धेरै अरु वरदानहरु दिनसक्नुहुनछ। कति एउटै विशेष अवसरको निम्ति, अरु धेरै समयको निम्ति, जीवनकालभरिको निम्ति। के तपाईंको मण्डलीलाई अरु वर दानहरु पनि प्रभुले दिनुभएको छ ?

_____

_____

_____

_____

सारांश जाँच

१. आत्मिकी वरदानहरु केको निम्ति दिइएका हुन् ?

_____

२. जब पाष्टर स्वयंले सबै कुरो गर्न खोज्छ, तब किन मण्डलीको वृद्धि हुँदैन अथवा मण्डली एकै ठाउँ जमिएर बस्छ ?

_____

३. आत्मिकी वरदानहरु कसले दिनुहुन्छ ? _____

४. बाइबलबाट तीन खण्डहरु लेख्नोस् जसले वरदानहरुको बारेमा सिकाउँछ:

_____

_____

_____

५. के परमेश्वरले हरेक विश्वासीलाई एकैनासे वरदानहरु दिनुहुन्छ ?

_____

६. हामीले कसरी झूटा अगमवक्ताहरुलाई चिन्न सक्छौं ?

_____

७. फलिपसित कस्ता वरदानहरु थिए ?

_____

८. एउटा वरदान तब मात्र मूल्यवान हुन्छ जब हामी यसलाई यसरी प्रयोग गर्दछौं:

☐ प्रेमसाथ

☐ बौद्धिकताका साथ

अभ्यासको काम

प्रार्थनासहित, तलका प्रश्नहरुको जवाफ दिनुहोस्, अनि तपाईंका योजनाहरुलाई अघि बढाउनु होस् ।

- तपाईंका मण्डलीका सदस्यहरुको वरदानहरु पत्ता लाउन अनि विकास गर्न तिनीहरुलाई कसरी सहयोग गर्नुहुनेछ ?

_____

_____

- वरदानहरुको बारेमा जुन शिक्षा दिने बिचार गर्दै हुनुहुन्छ त्यसबारे एक रुपरेखा बनाउनु होस् ।

_____

_____

_____

_____

- अलि बढी डराउने अनि अति नम्र सदस्यहरुलाई सार्वजनिक सेवाहरु अनि सेवकाइमा अलि पूर्ण रुपमा भाग लिने बनाउन कसरी सहयोग गर्नसक्नु हुन्छ ?

- तपाईंको मण्डलीका सदस्यहरुको वरदानहरु सेवाहरुमा अनि समुदायमा कसरी प्रयोग गर्न सक्ने बनाउन सहयोग गर्नुहुन्छ ?

- साताभरिमा (सेवाको बेलामा मात्र होइन) मण्डलीका सारा विश्वासीहरुले तिनीहरुको आ-आफ्ना जिम्मेवारीहरु निभाउँछन् भनी कसरी तपाईं निश्चित बन्नसक्नुहुन्छ ?

- मण्डलीका नयाँ सदस्यहरुलाई कसरी प्रोत्साहित गर्नुहुन्छ ताकि तिनीहरुले खीष्टको निम्ति काम गर्न थाल्नेछन् ?

- आत्मिकी वरदानहरु चाहिने सेवकाइहरु मण्डलीमा ठीक ढङ्गले अनि अनुशासित रुपमा चलिरहेको छ भनी निश्चित बन्न केके गर्नुहुनेछ ?

टिप्पणीहरु:

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

060NP01A-01